# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असोज ११ गते २०४८ साल (अतिरिक्ताङ्क ३८

## भाग ४

### सर्वोच्च अदालतको सूचना

सर्वोच्च अदालतको फुलकोर्टको मिति २०४८।६।११ मा गरेको देहाय बमोजिमको निर्णय सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१) दशैंको चाडमा मुद्दाका पक्षहरूलाई अदालतमा तारेख खेप्न टाढा टाढाबाट आउनु पर्दा पर्न गएको असुविधालाई दृष्टिगत गरी नेपाल अधिराज्यका सबै अदालतहरू घटस्थापनाको दिनदेखि कोजाग्रत पूर्णिमाको दिनसम्म बन्द राखने ।

२) दशैं बिदाको अवस्थामा सो बिदा अवधिभर सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन पर्न आएमा सोको सुनुवाईको लागि व्यवस्था गर्ने ।

३) मिति २००९।१।२६ को दिन प्रधान न्यायालय ऐन, २००९ जारी भई प्रधान न्यायालय स्थापना भएकोले प्रत्येक वर्ष वैशाख २६ गतेको दिनलाई कानून दिवसको रूपमा मनाउने सो दिन नेपाल अधिराज्य भरीमा अदालतहरू बन्द राखने ।

आज्ञाले,
गोपालप्रसाद खत्री
का.मु. रजिष्ट्रार, सर्वोच्च अदालत

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५४